# पालेथुम्की सामुदायिक वन उपभोक्ता समूह

## देवघाट गा.पा. २, तनहूँ

## वन पैदावार वोलपत्रद्धारा लिलाम विक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति :- ०८२/११/१७**
**(मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका)**

यस सामुदायिक वन उपभोक्ता समुहवाट आ.व. ०८२/०८३ मा संकलन गरी घाटगद्दी गरी राखेको तपसिल बमोजिमको वन पैदावार हाल जे जस्तो अवस्थामा छ सोही अवस्थाबाट समुह वाहिर लिलाम प्रकृयाद्धारा विकी वितरण गर्ने भनी समुहको साधारण सभाबाट पारित भई डिभिजन वन कार्यालय, तनहुंको च.नं. १४२१ मिति २०८२/११/१५ को लिलामं सहमति पत्र अनुसार उक्त वन पैदावार लिलाम विक्रीको लागि प्रथम पटक यो २१ दिने सुचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारमा आधारित सूचिकृत उद्योग वा फर्मले तपशिलका शर्तहरुं पुरा हुने गरी गोप्य सिलबन्दी वोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

**तपसिल**

१) वन पैदावारको विवरण :

| वन पैदावारको | | | | | | मुल्यांकन रु | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| लट नं. | जात | ग्रेड | थान | हर्ट उड परिमाण (क्यु.फिट) | १.४ ले गुणन गर्दा हुने परिमाण (क्यु.फिट) | न्यूनतम मूल्य रु. (मु.अ.कर वाहेक) | संकलन खर्च रु. | |
| १ | खयर | – | ५४० | ६२१.९३ | ८७०.७० | ८,७०,७००/- | ३,०४,७४५/- | |
| २ | खयर | – | ६२१ | ५९३.६३ | ८३१.०८ | ८,३१,०८०/- | २,९०,८७५/- | |

(२) बोलपत्र फाराम मिति २०८२/१२/०८ गते कार्यालय समयभित्र मात्र वितरण गरिनेछ । बोलपत्र फाराम मिति २०८२/१२/०९ गते दिनको १२ बजेभित्र समुहमा बुझाइ सक्नु पर्नेछ । उल्लेखित समयपछि आएका फारामलाई लिलाम बढाबढमा समावेश गरिने छैन ।

(३) वोलपत्र साथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप यस सामुदायिक वन उपभोक्ता समूहको कृषि विकास वैंक लि. दमौलीमा रहेको खाता नं.०३१६८००७०७२४५०१६ मा जम्मा गरेको सक्कल भौचर समावेश गर्नु पर्नेछ।

(४) वोलपत्र फारम प्रति लट रु. १०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय, तनहूँबाट खरिद गर्न सकिनेछ। फाराम दस्तुर वैंक दाखिला गरि भौचर पेश गर्नु पर्नेछ।

(५) लिलाम वढावढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र घाटगद्धिस्थानमा गई हेर्न सकिनेछ।

(६) लिलाममा भाग लिन ईच्छुक काष्ठ व्यवसायीले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, काष्ठ व्यवसायीको प्रमाणपत्रको प्रतिलिपी, वन पैदावारमा आधारित सुचिकृत उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपी र मूल्य अभिवृद्दि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी बोलपत्रसाथ पेश गर्नु पर्नेछ।

(७) निर्धारित न्युनतम संख्याका र रीतपूर्वक पर्न आएका वोलपत्रहरु मिति २०८२/१२/०९ गते दिनको २.०० बजे सम्वन्धित वोलपत्रदाता वा निजको प्रतिनिधी लगायतका साक्षीहरुको रोहवरमा खोलिनेछ । वोलपत्रदाता उपस्थित नभएमा पनि वोलपत्र खोल्न बाधा पर्ने छैन ।

(८) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ दिन भित्र सकार गरेको रकम, संकलन खर्च, निर्धारित मूल्य अभिवृद्धि कर तथा प्रदेश सेवा शुल्क लगायतका रकम बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ । तोकिएको समयमा जम्मा नगरे धरौटी जफत गरी क्रमश अर्को बोलपत्र सदर गरिनेछ ।

(९) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

(१०) टेन्डर पेश गर्ने र खोल्ने स्थान यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा हुनेछ।

(११) वोलपत्र सदर गर्ने नगर्ने अधिकार उपभोक्ता समुहमा रहेनेछ।

(१२) माथि उल्लेखित शर्त पुरा नभई आएका बोलपत्रलाई मान्यता दिइने छैन ।

(१३) यसमा कुनै कुरा वाझिएमा वा अस्पष्ट भएमा प्रचलित वन ऐन नियम अनुसार हुनेछ। अन्य थप जानकारीको लागि समूहको कार्यलयमा सम्पर्क राखी बुझ्न सकिनेछ।

Bmalla
(खेम वहादुर मल्ल)
अध्यक्ष